**सर्वोच्च अदालत, संयुक्त इजलास**

माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी

माननीय न्यायाधीश श्री नृपध्वज निरौला

**आदेश**

**०८०-WO-१५२५**

**मुद्दाः- उत्प्रेषण।**

काठमाडौ जिल्ला काठमाडौ महानगरपालिका वडा नं. १० वस्ने अधिवक्ता मधुकुमार चौलागाँई.........................................................................१ **निवेदक**

**विरूद्ध**

नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौ.......................१

नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग बालुवाटार काठमाडौ...........................................................................१

प्रभु बैंक लिमिटेड, रजिष्टर्ड कार्यालय बबरमहल, काठमाडौ......................१

ऐ. को सञ्चालक समितिका सदस्यहरू..............................................१

ऐ. का कार्यकारी प्रमुख अशोक शेरचन............................................१

ग्लोबल आई. एम. ई. बैंक लिमिटेड, रजिष्टर्ड कार्यालय कमलादी, काठमाडौं...........................................................................१ **प्रत्यर्थी**

ऐ.को सञ्चालक समितिका सदस्यहरू................................................१

ऐ. का कार्यकारी प्रमुख सुमन पोखरेल............................................१

हिमालयन बैंक लिमिटेड, रजिष्टर्ड कार्यालय कमलादी, काठमाडौं..............१

ऐ. को सञ्चालक समितिका सदस्यहरू..............................................१

ऐ.का कार्यकारी प्रमुख अशोक शम्शेर राणा......................................१

नविल बैंक लिमिटेड, रजिष्टर्ड कार्यालय दरबारमार्ग, काठमाडौं.................१

ऐ. को सञ्चालक समितिका सदस्यहरू..............................................१

ऐ.का कार्यकारी प्रमुख ज्ञानेन्द्र प्रसाद ढुङ्गाना.....................................१
एन.आई.सि.एसिया बैंक लिमिटेड, कर्पोरेट कार्यालय थापाथली, काठमाडौं....१
ऐ.को सञ्चालक समितिका सदस्यहरू................................................१
ऐ. का कार्यकारी प्रमुख रोशनकुमार न्यौपाने.....................................१
कुमारी बैंक लिमिटेड, रजिष्टर्ड कार्यालय दरबारमार्ग, काठमाडौं................१
ऐ. को सञ्चालक समितिका सदस्यहरू............................................१
ऐ. का कार्यकारी प्रमुख रामचन्द्र खनाल.........................................१
प्राइम कमर्सियल बैंक लिमिटेड, रजिष्टर्ड कार्यालय कमलपोखरी, काठमाडौं..१
ऐ.को सञ्चालक समितिका सदस्यहरू................................................१
ऐ.का कार्यकारी प्रमुख सञ्जिव मानन्धर.............................................१
गरिमा विकास बैंक लिमिटेड, रजिष्टर्ड कार्यालय लाजिम्पाट, काठमाडौं.......१
ऐ.को सञ्चालक समितिका सदस्यहरू................................................१
ऐ.का कार्यकारी प्रमुख गोविन्द ढकाल............................................१
रिलायन्स फाइनान्स लिमिटेड, रजिष्टर्ड कार्यालय प्रदर्शनी मार्ग, काठमाडौं...१
ऐ. को सञ्चालक समितिका सदस्यहरू............................................१
ऐ.का कार्यकारी प्रमुख प्रकाश श्रेष्ठ.................................................१

नेपालको संविधानको धारा १३३(२), (३) बमोजिम यस अदालतमा दर्ता हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार रहेको छः-

**संक्षिप्त तथ्य**

१. विपक्षी बैंक तथा वित्तीय संस्थाका संचालक समितिका सदस्यहरु तथा कार्यकारी प्रमुखहरु समेतलाई विपक्षी नेपाल राष्ट्र बैंकको तर्फबाट आर्थिक वर्ष २०८०/०८१ मा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (१) ले दिएको अधिकारको प्रयोग गरी ऐ. को उपदफा (२) को (क) बमोजिम कारवाहि गरेको छ। यसरी कारवाहिमा परेका बैंक तथा वित्तीय संस्थाका संचालक बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १८ को उपदफा (१) को खण्ड (ड) अनुसार संचालकको लागी अयोग्य हुने, ऐ. को दफा १९ बमोजिम सञ्चालकको पदमा बहाल रहन नसक्ने, साथै कार्यकारी प्रमुखको हकमा ऐ. ऐनको दफा २९ को उपदफा (५) को देहाय (घ) मा दफा १८ को उपदफा (१) बमोजिम अयोग्य नभएको भन्ने

कानूनी व्यवस्था रहेकोले नेपाल राष्ट्र बैंक आफैले कारवाहि गरेका विपक्षी बैंक तथा वित्तीय संस्थाका संचालक तथा कार्यकारी प्रमुखहरु पदमा बहाल रहनु मौजुदा संविधान र कानूनी व्यवस्था विपरित हुँदा बिपक्षी बैंक तथा वितियसंस्थाका सञ्चालक र कार्यकारी प्रमुखहरुलाई पदमुक्त गरीपाउँ भनी नेपाल राष्ट्र बैंकमा द.नं.१६५ मिति २०८१/२/१४ मा निवेदन गरेकोमा नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १८, १९ र २९ को कार्यान्वयनमा चासो नदेखाएको तथा यसप्रकारको कानूनी व्यवस्था बमोजिम कारवाहीमा परेका विपक्षी बैंकका सञ्चालकहरु र कार्यकारी प्रमुखहरुलाई पदमुक्त गर्नु नपर्ने गरी विपक्षी राष्ट्र बैंकबाट भएको निर्णय वा विपक्षीको लिखित जवाफवाट खुली आएको निर्णय समेत उत्प्रेषणको आदेशले बदर गरी बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १८, १९ र २९ को उपदफा ५ (घ) बमोजिम अयोग्य भई सकेका बिपक्षी बैंक तथा वितियसंस्थाका संचालक र कार्यकारी प्रमुखहरुलाई पद मुक्त गर्नु, गराउनु भनी विपक्षी नेपाल राष्ट्र बैंक समेतको नाममा परमादेश लगायतको जो, जे चाहिने उपयुक्त आज्ञा आदेश जारी गरीपाउँ भन्नेसमेत बेहोराको अधिवक्ता मधुकुमार चौलागाईको रिट निवेदन।

२. नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० ले नियमन उल्लङ्घन गरेमा हुने सजायको सम्बन्धमा व्यवस्था गरेको छ । सोही दफा १०० को उपदफा (२) को खण्ड (क) ले नेपाल राष्ट्र बैंकले जारी गरेको आदेश वा निर्देशन बैंकबाट इजाजतपत्रप्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाका सञ्चालक वा पदाधिकारी वा कर्मचारीले उल्लङ्घन गरेमा वा निजहरुले निक्षेपकर्ता वा सर्वसाधारणको हित विपरीत काम गरेको वा निरीक्षण तथा सुपरिवेक्षणको सिलसिलामा बैंक वा निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारीले माग गरेको कागजात, विवरण वा तथ्याङ्क तोकिएको समयभित्र पेश नगरेमा त्यस्तो सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई बैंकले सचेत गराउने वा नसिहत दिने सजायको व्यवस्था गरेको छ । त्यसैगरी दफा १०१ (३) ले दफा १०० (२) को खण्ड (ङ) अन्तर्गतको सजाय गर्दा कुनै पनि किसिमको कार्यविधि अपनाउनु नपर्ने व्यवस्था गरेको हुँदा निश्चित कार्यविधि नै अवलम्बन नगरी गर्नुपर्ने सजायलाई गम्भिर प्रकृतिको सजायको रुपमा ऐनले व्यवस्था गरेको भनि अर्थ गर्न मिल्ने होइन । साथै, नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० (२) को खण्ड (ङ) ले सञ्चालकलाई सञ्चालक पदबाट हटाउन वा पदाधिकारी वा कर्मचारीलाई सेवाबाट अवकाश दिन लगाउन सम्बन्धित वाणिज्य बैंक वा वित्तीय संस्थाको

सञ्चालक समितिलाई आदेश दिने व्यवस्था गरेको हुँदा जुन निर्णयमा पदबाट हटाउने आदेश दिइएको छैन त्यस्तो किसिमको कारवाहीका आधारमा पदबाट हटाउने भनि अर्थ गर्न मिल्ने देखिदैन । पदबाट हटाउने निर्णय भएमा यस बैंकले निश्चित कार्यविधि अपनाएर सञ्चालक वा पदाधिकारी वा कर्मचारीलाई पदबाट हटाउन लेखि पठाउने गरेको हुँदा लेखि नपठाएको हकमा त्यस्तो प्रकृतिको कारवाही भएका आधारमा बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा १८(ड), १९ र २९ (५) (घ) बमोजिम पदमा रहन अयोग्य रहेको भनि व्याख्या गर्न मिल्ने नभएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको नेपाल राष्ट्र बैंकको तर्फबाट यस अदालतमा पेश हुन आएको लिखित जवाफ ।

३. लिखित जवाफवाला बैंकमा वर्तमान अवस्थामा कम्पनी ऐन, २०६३ को दफा ८६, ८७, तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४, १७ समेत बमोजिम गठित सञ्चालक समिति रहेको छ । बैंकका सञ्चालकहरु कम्पनी ऐन, २०६३ को दफा ८७, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ तथा बैंकको नियमावली बमोजिम निर्वाचित मनोनित हुनुभएको हो । यसरी निर्वाचित र मनोनित गर्दा कम्पनी ऐन, २०६३ को दफा ८९, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १६ बमोजिम योग्य रहनु भएका तथा कम्पनी ऐन, २०६३ को दफा ८६ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १६, १७ बमोजिम योग्य रहनु भई १८ बमोजिम अयोग्य नरहनुभएको व्यक्तिहरु नै सञ्चालकमा नियुक्त तथा मनोनयन हुनु भएको छ । सञ्चालकहरु सञ्चालकको पदमा नियुक्त हुन योग्य रहेको तथा कुनै अयोग्यता नरहेको व्यक्ति नै सञ्चालकमा नियुक्त तथा मनोनयन हुनुभएकोले यस्ता सञ्चालकहरुले पदावधिभरी पदाधिकार प्रयोग गर्न पाउने निर्विवाद छ । निवेदन जिकिर बमोजिम पदमुक्त गर्नु गराउनु पर्ने र हुन सक्ने कुनैपनि अवस्था रहेको छैन, होईन । नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) को खण्ड (क) बमोजिम सचेत सम्म गराइएको छ । यस्तो सञ्चालनगत त्रुटीका कारण नसिहत पाएको विषय प्रमुख कार्यकारी अधिकृत, कर्मचारी र सञ्चालकलाई पदमुक्त गर्ने आधार बन्न सक्दैन । उक्त दफा १०० (२) (क) को व्यवस्था सञ्चालक वा पदाधिकारीलाई पदमुक्त गर्ने भन्ने नभई नसिहत दिने तथा सचेत गराउने सम्मको कार्य गरेको र उल्लेखित बमोजिम नसिहत तथा सचेत गराउने निर्णय गर्दा हामी लिखित जवाफवालाहरुलाई प्राकृतिक न्यायको सर्वमान्य सिद्धान्त बमोजिम सुनुवाईको मौका समेत प्रदान नगरिएको अवस्था छ । यसरी सुनुवाईको

मौका समेत प्रदान नगरी एकतर्फी रुपमा हामीहरु उपर नसिहत तथा सचेत गराउने गरिएको कारवाही निर्णयको आधारमा पदमुक्त गर्नु पर्ने र हुने भन्ने निवेदन जिकिर उल्लेखित कानूनी व्यवस्थाको विपरित भएकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने करिव एकै मिलानको प्रभु बैंक लि., ग्लोबल आई.एम.ई. बैंक लि., हिमालयन बैंक लि., नबिल बैंक लि., एन. आई.सी. एसिया बैंक लि., कुमारी बैंक लि., प्राईम कमर्शियल बैंक लि., रिलायन्स फाईनान्स लि. समेतका बैंक, सो का सञ्चालक समिति र कर्मचारीहरु लगायतका विपक्षीहरूको तर्फबाट यस अदालतमा पेश हुन आएको लिखित जबाफ।

## <u>यस अदालतबाट भएको आदेश</u>

४. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल कागजात अध्ययन गरी निवेदक र प्रत्यर्थीहरु दुवै तर्फबाट उपस्थित विद्धान् कानुन व्यवसायीहरुले गर्नुभएको बहससमेत सुनी इन्साफ तर्फ बिचार गर्दा, नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० मा सो ऐन र ऐन अन्तर्गत बनेको नियम, विनियम वा सो अन्तर्गत नेपाल राष्ट्र बैंकले जारी गरेका आदेश वा निर्देशनको बैंकबाट इजाजतप्राप्त वाणिज्य बैंक, वित्तीय संस्था वा सो का सञ्चालक, पदाधिकारी वा कर्मचारीले उल्लंघन गरेमा सो बैंकले उपदफा (१) बमोजिम बैंक वा वित्तीय संस्थालाई र ऐ. उपदफा (२) बमोजिम त्यस्ता संस्थाका सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई सजाय गर्न सक्ने व्यवस्था रहेको देखिन्छ । प्रत्यर्थी नेपाल राष्ट्र बैंकको लिखित जवाफ हेर्दा सोही कानूनी व्यवस्थाको अख्तियारी प्रयोग गरी सो बैंकले प्रत्यर्थी बनाईएका विभिन्न बैंक तथा वित्तीय संस्थाहरु तथा सोका संचालक र पदाधिकारीहरु समेतलाई सचेत गराउने तथा नसिहत दिने लगायतका सजाय गरेको भन्ने देखिन आउँछ । उक्त तथ्यमा विवाद छैन ।

५. रिट निवेदकले प्रचलित कानून बमोजिम नियमनकारी निकायले कानून विपरित कार्य गरेको भनी कारवाही गरेको व्यक्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १८(१)(ड) र ऐ. दफा १९ बमोजिम बैंक तथा वित्तीय संस्थाको सञ्चालक हुन र ऐ. दफा २९ बमोजिम कार्यकारी प्रमुख हुन अयोग्य हुने भएकोले यसरी सजाय भएका बैंक तथा वित्तीय संस्थाका सञ्चालक र कार्यकारी प्रमुखलाई पदमुक्त गर्नु गराउनु भनी परमादेश जारी गरिपाउँ भन्ने माग गरेको देखिएतापनि नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) मा नेपाल राष्ट्र बैंकले बैंक तथा

वित्तीय संस्थाका संचालक, पदाधिकारी वा कर्मचारीलाई गर्ने सजायको प्रकृति हेर्दा खण्ड (क) देखि (घ) सम्म सचेत गराउने वा नसिहत दिने, निलम्वनमा राख्ने, जरिवाना गर्ने र तलव भत्ता लगायतका सुविधाहरु दिन बन्द गराउन आदेश दिने भन्ने रहेको देखिन्छ भने ऐ. खण्ड (ङ) मा **"संचालकलाई संचालक पदबाट हटाउन वा पदाधिकारी वा कर्मचारीलाई सेवाबाट अवकाश दिन लगाउन सम्बन्धित वाणिज्य बैंक तथा वित्तीय संस्थाको संचालक समितिलाई आदेश दिने"** सजायको व्यवस्था गरेको देखिन्छ । यसबाट सो बैंकले इजाजतप्राप्त कुनै बैंक वा वित्तीय संस्थाका सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई पदबाट हटाउनुपर्ने आवश्यक देखेमा पूर्वपठित ऐनको दफा १२ को उपदफा (२) को खण्ड (ङ) बमोजिमको सजायको आदेश दिनुपर्ने देखिन आयो । खण्ड (क) देखि (घ) सम्मका सजाय भएको कारणबाट समेत बैंक वा वित्तीय संस्थाका सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई पदबाट हटाउने वा अवकाश दिने विधायिकाको मनसाय रहेको भए निजहरुलाई पदबाट हटाउने वा अवकाश दिने आदेश दिने गरी खण्ड (ङ) मा छुट्टै सजायको व्यवस्था गर्नुपर्ने आवश्यकता नहुने हुँदा खण्ड (ङ) बाहेकका अन्य सजाय गरेकै आधारबाट बैंक तथा वित्तीय संस्थाका संचालक, पदाधिकारी वा कर्मचारीलाई पदबाट हटाउन वा अवकाश दिनुपर्ने भनी अर्थ गर्न मिलेन ।

६. जहाँसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १९(१)(क) मा ऐनको दफा १८ बमोजिम अयोग्य भएमा कुनै पनि व्यक्ति बैंक वा वित्तीय संस्थाको सञ्चालक पदमा वहाल रहन नसक्ने व्यवस्था भएको र ऐ. दफा १८(१) मा सञ्चालक हुन देहायका व्यक्ति योग्य हुने छैनन भनी देहाय (ड) मा नियमनकारी निकायले कारवाही गरेको व्यक्ति भन्ने उल्लेख भई त्यस्ता व्यक्ति सञ्चालकको पदमा वहाल रहन नसक्ने भन्ने निवेदन जिकिर छ सो सम्बन्धमा हेर्दा पूर्वोक्त ऐनको दफा १९(२) मा कुनै पनि व्यक्ति त्यसरी अयोग्य भएको छ भन्ने लागेमा नेपाल राष्ट्र बैंकलाई लिखित रुपमा जानकारी गराउनुपर्ने र ऐ. उपदफा (३) मा त्यसरी लेखी आएको सञ्चालकका सम्बन्धमा बैंकले आवश्यक जाँचबुझ गरी उपयुक्त निर्देशन दिन सक्नेछ भन्ने कानूनी व्यवस्था भएको सन्दर्भमा ऐनको दफा १८(१)(ड) बमोजिम अयोग्य भएको व्यक्ति सञ्चालकको पदमा वहाल नरहन पनि ऐनको दफा १९(१)(३) बमोजिम नेपाल राष्ट्र बैंकबाट निर्णय हुन आवश्यक देखियो । बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १८ तथा ऐ. दफा १९ को व्यवस्थालाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० र १०९ को आलोकमा पनि हेर्नुपर्ने

हुन्छ । सो ऐनको दफा १०९ मा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सो ऐनमा लेखिए जतिमा सोही ऐन बमोजिम हुने भन्ने व्यवस्था देखिएकाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) को खण्ड (ङ) बमोजिम नेपाल राष्ट्र बैंकले सञ्चालकलाई पदबाट हटाउन वा पदाधिकारी वा कर्मचारीलाई सेवाबाट अवकाश दिने आदेश नदिएसम्म त्यस्ता सञ्चालक वा पदाधिकारी उक्त पदमा वहाल रहन सक्ने नै देखियो । तसर्थ, नेपाल राष्ट्र बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) को खण्ड (ङ) बाहेकका अन्य सजाय पाएका प्रत्यर्थी बैंक तथा वित्तीय संस्थाका सञ्चालक र कार्यकारी प्रमुखहरु समेत पदमा वहाल रहन अयोग्य भएकाले नेपाल राष्ट्र बैंकले निजहरुलाई पदमुक्त गर्न गराउन आदेश जारी गरी पाउँ भनी गरेको निवेदन माग बमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ ।

७. तथापि, बैंक तथा वित्तीय संस्थाका सञ्चालक वा पदाधिकारीको नियुक्तिका सम्बन्धमा भने बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १८(१)(ड) ले **"प्रचलित कानून बमोजिम नियमनकारी निकायले कानून विपरित कार्य गरेको भनी कारवाही गरेको वा त्यस्तो कारवाही भएको पाँच वर्ष अवधि व्यतित नभएको"** व्यक्ति बैंक तथा वित्तीय संस्थाको संचालक हुन नसक्ने गरी अयोग्यता निर्धारण गरेको देखिन्छ । सो अयोग्यता ऐ. दफा २९(५)(घ) बमोजिम कार्यकारी प्रमुखको हकमा समेत आकर्षित हुने देखिन्छ । नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) हेर्दा **"सो ऐन वा ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत बैंकले जारी गरेको आदेश वा निर्देशन बैंकबाट इजाजतप्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाका सञ्चालक वा पदाधिकारी वा कर्मचारीले उल्लंघन गरेमा वा निजहरुले निक्षेपकर्ता वा सर्वसाधारणको हित विपरित काम गरेकोमा..."** वैंकले त्यस्ता सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई सजाय गर्न सक्ने व्यवस्था देखियो । उक्त उपदफा (२) बमोजिम नेपाल राष्ट्र बैंकले गरेको सजायलाई बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १८(१)(ड) मा उल्लिखित **"...नियमनकारी निकायले कानून विपरित कार्य गरेको भनी कारवाही गरेको..."** अवस्था होईन भनी मान्न मिलेन । यसबाट नेपाल राष्ट्र बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) बमोजिम गरेको सजायबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १८(१)(ड) बमोजिमको अयोग्यता सृजना हुने देखियो ।

८. जहाँसम्म विपक्षी नेपाल राष्ट्र बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) बमोजिम गरिएको सचेत गराउने र नसिहत दिने जस्ता सामान्य प्रकृतिका सजायले सञ्चालक वा पदाधिकारी हुन अयोग्यता सृजना नगर्ने भनी लिएको जिकिर छ सो सम्बन्धमा हेर्दा सो ऐनको दफा १०० को उपदफा (२) को खण्ड (क) देखि (ङ) सम्म सचेत गराउने वा नसिहत दिने देखि सञ्चालक वा पदाधिकारी र कर्मचारीलाई पदबाट हटाउने वा अवकाश दिने सम्मका फरक फरक प्रकृतिका सजाय देखिए तापनि सजायको परिणाम स्वरुप उत्पन्न हुने कानूनी अयोग्यता सबै सजायमा समान रुपमा लागू हुने देखियो । कानूनले सबै सजायलाई एकै वर्गमा राखेको अवस्थामा विपक्षी नेपाल राष्ट्र बैंकले लिखित जवाफमा जिकिर लिएजस्तो सजायलाई "सामान्य" र "विशेष" प्रकृतिको भनी वर्गीकरण गरी सचेत गराउने वा नसिहत दिने जस्ता सजाय "सामान्य" प्रकृतिको भएकाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १८ (१)(ड) बमोजिमको अयोग्यता सृजना नगर्ने भन्न मिलेन । मिसिल संलग्न नेपाल राष्ट्र बैंकले विपक्षी बैंक तथा सो को सञ्चालक र पदाधिकारीहरुलाई गरेको कारवाहीको विवरण हेर्दा निक्षेप र कर्जामा व्याजदर घटी बढी लिने लगायतका कार्य गरेको र सोबाट सर्वसाधारण निक्षेपकर्ताको हित विपरित हुन जाने भनी नियमनकारी निकाय नेपाल राष्ट्र बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) बमोजिम सजाय गरेको देखिएको अवस्थामा उक्त कारवाही वा सजायबाट अयोग्यता सृजना हुने अवस्था देखियो । बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १८ (१)(ड) बमोजिमको नियामक निकायले कानून विपरित कार्य गरेको भनी कारवाही गर्दै जाने तर कारवाही पाउने व्यक्ति वा संस्थाको कानूनले तोकेको अयोग्यता सृजना नहुने भन्नु तर्कसंगत हुने देखिएन । साथै, यसबाट बैंकिङ्ग क्षेत्रमा सुशासन कायम गरी बैंकिङ्ग तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गराउने नियमनकारी निकाय प्रत्यर्थी नेपाल राष्ट्र बैंकको प्रमुख दायित्वको प्रभावकारी परिपालना नभई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १८(१)(ड) को व्यवस्था नै निष्प्रभावी हुन जाने देखियो ।

९. तसर्थ, माथि विवेचित आधार, कारण र कानूनी व्यवस्था समेतबाट विपक्षी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) बमोजिम दिएको सजायको आदेशले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १८(१)(ड) बमोजिमको अयोग्यता सृजना गर्ने भएतापनि रिट निवेदकले मुख्य गरी विपक्षी बैंक

तथा वित्तीय संस्थाका संचालक र पदाधिकारीहरुलाई पदबाट हटाई पाउँ भनी माग गरेको र सो बमोजिम आदेश जारी गर्नु नपर्ने देखिएको अवस्थामा बैंक तथा वित्तीय संस्थाका संचालक र पदाधिकारीको अयोग्यता सम्बन्धी उल्लिखित कानूनी व्यवस्थाको अनिवार्य परिपालना गर्न गराउन सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई लेखी पठाउने तथा सोको पालना भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन गर्नु गराउनु भनी प्रत्यर्थी नेपाल राष्ट्र बैंकका नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ ।

१०. सरोकारवालाले प्रस्तुत फैसलाको प्रतिलिपि माग गरे नियमानुसार दिनु। विशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ति र प्रमाणिकरण सम्बन्धी निर्देशिका, २०८२ बमोजिम मिसिल खडा भए अभिलेख शाखामा बुझाइदिनू। यो फैसलाको विद्युतीयप्रति मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गर्नू।

११. प्रस्तुत मुद्दाको फैसलाको पूर्णपाठ तत्काल तयार हुन नसकेको र सर्वोच्च अदालतमा मिति २०८२/०५/२४ मा भएको आगजनी समेतको घटनाको कारण मिसिल, टिपोट कापी आदि फेला नपरेकाले मुद्दा व्यवस्थापन प्रणालीको अभिलेखको आधारमा विशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ति र प्रमाणिकरण सम्बन्धी निर्देशिका, २०८२ को दफा ११ बमोजिम प्रस्तुत फैसला संक्षेपिकृत रुपमा तयार गरिएको छ।

(डा. नहकुल सुवेदी)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(नृपध्वज निरौला)
न्यायाधीश

**<u>फैसला तयारीमा सहयोग गर्ने</u>**

इजलास अधिकृतः गोकर्णप्रसाद अर्याल

कम्प्युटर अपरेटरः कृष्ण गिरी

इति संवत् २०८1 साल मंसिर १९ गते रोज ४ शुभम् ........................।